# बिद्यालय शिक्षा गुणस्तर अभिवृद्धि तथा शिक्षक प्रोत्साहन कार्यविधि, २०८०

स्विकृत मिति २०८०/०९/०२

प्रस्तावना

सामुदायिक बिद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षकंहरुको मनोवल उच्च बनाउनुका साथै शिक्षकहरुले गरेको अमुल्य योगदानको कदर गर्न तथा शिक्षण पेसालाइ थप मर्यादित बनाउन उत्कृष्ट प्रदर्शन गर्ने शिक्षकलाइ पुरस्कृत गर्ने र कमजोर प्रदशर्न गर्ने शिक्षकहरुलाइ थप सुधार गर्ने वातावरण सिर्जना गर्न वाञ्छनिय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी बिद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिको लागि शिक्षकहरुलाइ प्रोत्साहन गर्न यो कार्यविधि तयार पारिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस कार्यविधिको नाम "बिद्यालय शिक्षा गुणस्तर अभिवृद्धि तथा शिक्षक प्रोत्साहन कार्यविधि २०८०" रहेको छ।

(ख) यो कार्यविधि गंगाजमुना गाउँपालिकाको कार्यपालिकाले पारित गरे पछि लागु हुनेछ।

(ग) यो कार्यविधि गंगाजमुना गाउँपालिकाको कार्यक्षेत्र भित्र मात्र लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "गाउँपालिका" भन्नाले गंगाजमुना गाउँपालिकालाई जनाउने छ।

(ख) "शिक्षा शाखा" भन्नाले गंगाजमुना गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झिनु पर्छ।

(ग) "शिक्षा समिति" भन्नाले गंगाजमुना गाउँपालिकाको गाउँ शिक्षा समितिलाइ जनाउने छ।

(घ) "सिकाइ उपलब्धि परिक्षा" भन्नाले बिद्यार्थीले पाठ्यक्रमबाट तोकेका सिकाइ उपलब्धि पुरा गरे नगरेको मापन गर्न लिइने स्तरीकृत परिक्षा लाइ सम्झनु पर्छ।

(ङ) "न्युनतम सिकाइ उपलब्धि" भन्नाले औषत सिकाइ उपलब्धि कम्तिमा २.० जी पी ए र वार्षिक परिक्षामा ४० % बिद्यार्थीले मुल प्रमाणपत्र पाउनुलाइ सम्झनु पर्नेछ।

३. **सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी -** (क) प्रत्येक बिद्यालयमा शिक्षकहरुले सिकाइ उपलब्धीको लक्ष्य निर्धारण गरी बिद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराउनु पर्ने छ। र एक प्रति गाउँपालिकामा पेश गर्नु पर्ने छ।

(ख) शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तहगत इन्चार्ज तोकि जिम्मेवारी दिइनेछ।

**४. खाली पिरीयड व्यवस्थापन -** (क) कुनै शिक्षक अनुपस्थित भइ पिरीयड खाली भएमा सो पिरीयडमा विद्यार्थीहरुलाइ अनिवार्यरुपमा सिकाइ क्रियाकलापमा सहभागी गराउनु पर्नेछ।

(ख) खाली भएको पिरीयड व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी प्रधानाध्यापक हुनेछ।

(ग) खाली भएको पिरीयड देहाय बमोजिम व्यवस्थापन गर्न सकिने छ ;

अ) स्मार्ट टीभि/ स्मार्ट बोर्ड/ कम्प्युटरको प्रयोग गरेर - शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट www.cehrd.gov.np मा रहेको Learning portal बाट अथवा e-library बाट सम्बन्धित बिषयको पाठ अध्यापन गरेको भिडियोको माध्यमबाट,

आ) Proxy Class - खाली भएको पिरियडमा केही सुविधा सहित अन्य शिक्षकबाट शिक्षण सिकाइ सहजीकरण गराउने

इ) परियोजना कार्य - अनुपस्थित हुने शिक्षकले आफ्नो कक्षाको लागि परियोजना कार्य प्रधानाध्यापकलाइ उपलब्ध गराउने र प्रधानाध्यापकले कक्षामा परियोजना दिइ सहजीकरण गर्ने

ई) बिद्यार्थी सहजकर्ता - कुनै एउटा बिद्यार्थीलाइ जिम्मेवारी तोकी साथी शिक्षण मार्फत सिकाइ सहज गर्ने,

उ) विज्ञद्वारा सहजीकरण - विद्यालयमा उपलब्ध हुन सक्ने कुनै बिषयको विज्ञलाइ बिद्यालयमा बोलाएर सहजीकरण गर्ने

**५. बिद्यालयमा नियमित पठनपाठन -** (क) शिक्षण सिकाइ क्रियाकलाप हुने सबै दिन ( शुक्रबार समेत) निर्धारित पुरै समय बिद्यालय सञ्चालन गर्नु पर्ने छ।

(ख) शुक्रबार बिद्यालयको कार्य योजना अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सकिने छ।

(ग) एक साता भन्दा लामो बिद्यालय बिदा भएर खुलेको पहिलो दिन र बिदा हुने अन्तिम दिन कुनै पनि शिक्षक तथा कर्मचारी सुत्केरी बिदा, किरिया बिदा तथा बिरामी भएर अस्पताल भर्नाको भएको अवस्था वाहेक बिदामा बस्न र अन्य बिदा स्विकृत गर्न पाइने छैन।

**६. सिकाइ उपलब्धि मापन सम्बन्धि व्यवस्था -** (क) गाउँपालिकाबाट स्तरीकृत प्रश्न पत्र निर्माण गरी कक्षा ३ र ५ को पालिका स्तरीय परिक्षा केन्द्रहरु छनोट गरी परीक्षा सञ्चालन गरी सिकाइ उपलब्धी मापन गरीने छ।

(ख) गाउँपालिका स्तरीय हुने कक्षा ८ को अन्तिम परिक्षालाइ मर्यादित र व्यवस्थित गरी सिकाइ उपलब्धी विश्लेषण गरीने छ।

(ग) राष्ट्रिय परिक्षा बोर्डले सञ्चालन गर्ने कक्षा १० र कक्षा १२ को ग्रेड वृद्दि बाहेकको नतिजालाइ विश्लेषण गरीने छ।

(घ) कक्षा ८, १० र १२ ग्रेड वृद्धिको परिक्षा नतिजाको छुट्टै विश्लेषण गरीने छ।

(ङ) अपेक्षित सिकाइ उपलब्धीलाइ गत वर्षको सिकाइ उपलब्धि संग तुलना गरीने छ।

**७. प्रोत्साहन सम्बन्धी व्यवस्था -** (१) कार्यसम्पादनको उत्कृष्टताको आधारमा गरीने प्रोत्साहन देहाय बमोजिम हुनेछ;

(क) कक्षा १-३ सम्म सञ्चालित बिद्यालयबाट १ जना, कक्षा १-५ सञ्चालित बिद्यालयबाट २ जना, कक्षा १-८ सञ्चालित बिद्यालयबाट ३ जना, कक्षा १-१० सञ्चालित बिद्यालयबाट ४ जना, कक्षा १-१२ सञ्चालित बिद्यालयबाट ५ जना शिक्षक वा कर्मचारीलाइ सम्बन्धित बिद्यालयका प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समितिले कार्यसम्पादनको उत्कृष्टताको लागि अनुसुची १ का आधारमा वडा शिक्षा समितिलाइ प्रोत्साहनको लागि सिफारिस गर्नु पर्नेछ।

(ख) वडा शिक्षा समितिले आवश्यकता अनुसार आफुले प्रोत्साहन गरी एक जना शिक्षक तथा कर्मचारीलाइ कार्यसम्पादनको उत्कृष्टताको आधारमा प्रोत्साहनको लागि गाउँपालिकालाइ सिफारिस गर्ने छ। तर अधिकतम बिद्यालय, बिद्यार्थी र शिक्षक संख्या भएको वडाले थप १ जना सिफारिस गर्न सक्नेछ।

(२) सिकाइ उपलब्धीका आधारमा गरिने प्रोत्साहनमा देहाय बमोजिमका शिक्षक छनोट हुनेछ ;

(क) सिकाइ उपलब्धी परिक्षामा उत्कृष्ट औसत सिकाइ उपलब्धी आउने बिद्यालय र बिद्यार्थी,

(ख) कक्षा ८ को अन्तिम परिक्षामा बिषयगतरुपमा उत्कृष्ट सिकाइ उपलब्धी आउने अध्यापन गर्ने बिषय शिक्षक,

(ग) कक्षा १० को अन्तिम परिक्षामा बिषयगतरुपमा उत्कृष्ट सिकाइ उपलब्धी आउने अध्यापन गर्ने बिषय शिक्षक,

(घ) कक्षा १२ को अन्तिम परिक्षामा बिषयगतरुपमा उत्कृष्ट सिकाइ उपलब्धी आउने अध्यापन गर्ने बिषय शिक्षक,

तर औसत सिकाइ उपलब्धीको GPA २.२ र सहभागी बिद्यार्थी संख्या ५ जना भन्दा कम भएमा प्रोत्साहनको लागि छनोट हुन सक्ने छैन।

(३) उत्कृष्ट सिकाइ उपलब्धीको लागि औषत सिकाइ उपलब्धीमा बिद्यार्थी संख्यालाइ ५०० ले भाग गरी आएको भागफल जोडेर आएको संख्यालाइ अन्तिम मानिनेछ ।

(४) चालु शैक्षिक सत्रमा अनिवार्य अवकाश हुने शिक्षकहरुलाइ सम्मान गरीनेछ।

(५) चालु शैक्षिक सत्रमा स्थायी सेवा अवधी २५ वर्ष पुरा गरेका शिक्षकहरुलाइ एक चोटीको लागि सम्मान गरीने छ।

(६) उत्कृष्ट बिद्यालयलाइ संघिय मापदण्ड बमोजिम पुरस्कृत गरिने छ।

(७) विद्यालय व्यवस्थापन समिति सदस्य, शिक्षक अभिभावक संघ सदस्य, प्रधानाध्यापक, शिक्षा क्षेत्रमा योगदान गर्ने व्यक्तिलाइलाइ गाउँ शिक्षा समितिले छनोट गरी पुरस्कृत गरीने छ।

(८) बिद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा अन्य उत्कृष्ट शिक्षकलाइ शिक्षा शाखाले छनोट गरी सम्मान तथा पुरस्कृत गर्नेछ।

**८. न्युनतम सिकाइ उपलब्धी पुरा गर्नु पर्ने:** (क) कम्तिमा न्युनतम सिकाइ उपलब्धी पुरा गर्नु प्रत्येक शिक्षकको कर्तव्य हुने छ।

(ख) न्युनतम सिकाइ उपलब्धी पुरा नगर्ने करार शिक्षकलाइ म्याद थप गर्न विद्यालय व्यवस्थापन समिति बाध्य हुने छैन भने न्युनतम सिकाइ उपलब्धी पुरा नगर्ने स्थायी शिक्षकलाइ ग्रेड रोक्का गर्न विद्यालय व्यवस्थापन समितिले सिफारिस गरी शिक्षा शाखामा पठाउनु पर्ने छ।

(ग) लगातार ३ वर्ष सम्म न्युनतम सिकाइ उपलब्धी पुरा नगर्ने करार शिक्षकलाइ निलम्बन र स्थायी शिक्षकलाइ अन्यत्र सरुवा/सिफारिस गरीने छ।

(घ) न्युनतम सिकाइ उपलब्धी पुरा गर्न नसक्ने शिक्षकले शैक्षिक सत्र सुरु भएको ३ महिना भित्र सम्बन्धित विद्यालय मार्फत गाउँपालिकामा स्पस्ट आधार सहित लिखित जानकारी गराउनु पर्ने छ। सो सम्बन्धमा आवश्यक निर्णय गाउँ शिक्षा समितिले गर्ने छ।

**९. बाझिएमा अमान्य हुने :** यसकार्यविधि कुनै प्रचलित कानुन सँग बाझिएमा बाझिएको हदसम्म कार्याविधिको व्यवस्था अमान्य हुनेछ।

**१०. बाधा अड्काउ फुकाउ अधिकार:** यस कार्याविधिमा कुनै व्यवस्था थपघट गर्न आवश्यक भएमा सो अधिकार गंगाजमुना गाउँकार्यपालिकालाई हुनेछ ।

अनुसुची १

उत्कृष्ट शिक्षक छनोटका आधार तथा मापदण्डहरु देहायबमोजिमको हुनेछ;

| क्रसं | विवरण | आधार | पुर्णाङ्क |
|---|---|---|---|
| १ | कार्य अनुभव | ३ वर्ष सम्मको ३ अङ्क ७ वर्ष सम्मको ४ अङ्क र सो भन्दा माथि ५ अङ्क | ५ |
| २ | शैक्षिक उपलब्धी | आफूले अध्यापन गर्ने बिषयको पछिल्लो ३ वर्षको औषत जिपिए २ सम्म भए १० , २.५ सम्म भए १५ र २.५ भन्दा माथि भए २० अङ्क | २० |
| ३ | शैक्षिक योग्यता | न्यूनतम शैक्षिक योग्यता भए ५ अङ्क र माथिलो शैक्षिक योग्यता भए १० अङ्क | १० |
| ४ | विशेष जिम्मेवारी | विशेष जिम्मेवारी नलिएको भए ५ अङ्क र लिएको भए १० अङ्क | १० |
| ५ | प्रर्वधनात्मक कार्यहरु | शिक्षकले गरेको प्रर्वधनात्मक काम सङ्ख्या बढिमा ५ बटा १० अङ्क (प्रति प्रवर्धनात्मक २ अङ्क) | १० |
| ६ | अध्ययन अनुसन्धान | आफूले अध्यापन गर्ने विषयमा पछिल्लो ३ वर्षमा गरेका अनुसन्धान ३ सम्म भए ५ अङ्क सो भन्दा बढि भए १० अङ्क | १० |
| ७ | सूचना तथा सञ्चार प्रबिधिको प्रयोग | सूचना तथा सञ्चार प्रबिधिको प्रयोग गर्न नसक्ने भए शुन्य अङ्क आफूले मात्र जानेको तर कक्षाकोठामा प्रयोग नगरेको भए १० अङ्क र कक्षाकोठामा प्रयोग गरेको भए २० अङ्क | २० |
| ८ | कक्षाकोठा व्यवस्थापन | नियमित गृहकार्य परीक्षण, मासिक जाँच र एकाई जाँच जस्ता सूचक सबै प्राप्त भएमा १५ अङ्क कुनै दुईमात्र सुचक प्राप्त भएमा ५ अङ्क र कुनैपनि नभएमा शुन्य अङ्क | १५ |